त्रिभुवन विश्वविद्यालय
Tribhuvan University
इञ्जिनियरिङ्ग अध्ययन संस्थान
Institute of Engineering
Bulletin
GPO Box 1915, Pulchowk Lalitpur, Ph: 977-1-5521531, Fax: 5525830, www.ioe.edu.np, bulletin@ioe.edu.np
*२०८२-८३ साल चैत्र-बैशाख महिनाको बुलेटिन, प्रकाशन मितिः २०८३-२-१२, May 26, 2026), वर्ष ३० अंक ५, पुल्चोक, ललितपुर।*

# इन्जिनियरिङ्ग अध्ययन संस्थानका डीन प्रा. डा. सुशील बहादुर बज्राचार्यज्युलाई त्रि.वि. उपकुलपतिको जिम्मेवारी

त्रिभुवन विश्वविद्यालयको उपकुलपतिको जिम्मेवारी इन्जिनियरिङ्ग अध्ययन संस्थानका (इ.अ.सं.) डीन प्रा.डा. सुशील बहादुर बज्राचार्यलाई दिइएको छ । सम्माननीय प्रधानमन्त्री एवं त्रिभुवन विश्वविद्यालयका कुलपति वालेन्द्र शाहले मिति २०८३।०१।३० गतेको निर्णायानुसार त्रिभुवन विश्वविद्यालयको रिक्त उपकुलपति पदमा दैनिक कार्य सञ्चालन गर्न इन्जिनियरिङ्ग अध्ययन संस्थानको डीनको समेत कार्य गर्नेगरी उहाँलाई उपकुलपतिको जिम्मेवारी तोक्नुभएको हो । उपकुलपतिको जिम्मेवारी प्राप्त डीन प्रा.डा. सुशील बहादुर बज्राचार्यलज्युले २०८३।०१।३१ गते बिहिवार कीर्तिपुर स्थित उपकुलपतिको कार्यालयमा पदवहाली गर्नुभएको छ।



इ.अ.सं. डीन प्रा.डा. सुशील बहादुर बज्राचार्य उपकुलपतिको पदवहाली गर्नुहुदै

# Capacity Enhancement Training Program (CETP) Successfully Conducted

The Institute of Engineering (IOE), in collaboration with the University Grants Commission (UGC) Nepal, successfully conducted the Capacity Enhancement Training Program (CETP) in multiple phases at Siraichuli, Bharatpur, Chitwan. The training program was organized with the objective of enhancing institutional capacity, professional development, and academic collaboration among the participants.

During the first phase of the training program, the Vice Chancellor of Tribhuvan University, Prof. Dr. Deepak Aryal, attended the inaugural session as the Chief Guest, while the Dean of IOE, Prof. Dr. Sushil B. Bajracharya, officially inaugurated the program. The training sessions were facilitated and coordinated by Prof. Dr. Suraj Lamichhane.

Altogether, the program included 40 training sessions conducted by 22 experts from different fields. A total of 92 trainees participated in the program.

**Program Schedule**

- **First Phase:** 2082/12/15 – 2082/12/21
- **Second Phase:** 2083/01/10 – 2083/01/16
- **Third Phase:** 2083/01/11 – 2083/01/17






Glimpses of First Phase



Glimpes of Second Phase



Glimpses of Third Phase

## इन्जिनियरिङ्ग अध्ययन संस्थान घोराही क्याम्पसको भवन शिलान्यास

त्रिभुवन विश्वविद्यालयका उपकुलपति प्रा.डा. दिपक अर्यालले त्रिभुवन विश्वविद्यालय इन्जिनियरिङ्ग अध्ययन संस्थान घोराही क्याम्पस, दाङको शैक्षिक भवनको मिति २०८२।१२।०७ गतेका दिन शिलान्यास गर्नुभएको छ । दाङको घोराही उपमहानगरपालिका-१५ स्थित भरतपुरमा इन्जिनियरिङ्ग अध्ययन संस्थान, घोराही क्याम्पस सन्चालनमा आउने छ।



इन्जिनियरिङ्ग अध्ययन संस्थान घोराही क्याम्पसको भवन शिलान्यास

## बेरुजु रकम असुलउपर तथा सम्परीक्षण गर्न निर्देशन

त्रि.वि. बेरुजु फछ्यौंट समितिको मिति २०८३/०१/१६ गतेको पत्रअनुसार बेरुजु रकम असुलउपर गरी सम्परीक्षण गर्ने कार्यलाई तीव्रता दिन सम्बन्धित शिक्षक तथा कर्मचारीहरूलाई निर्देशन दिइएको छ।

समितिले जारी गरेको सूचनामा सम्बन्धित शिक्षक तथा कर्मचारीहरूले सम्बन्धित निकायमा सम्पर्क राखी आफ्नो बेरुजुको अवस्था अद्यावधिक गर्न आग्रह गरिएको छ। साथै बेरुजु फछ्यौंट तथा सम्परीक्षण प्रक्रियालाई समयमै सम्पन्न गर्न आवश्यक सहयोग गर्न पनि अनुरोध गरिएको जनाएको छ।यस सगैं, विश्वविद्यालय प्रशासनले बेरुजु व्यवस्थापन तथा आर्थिक पारदर्शिता कायम गर्न यस प्रक्रियालाई प्राथमिकताका साथ अघि बढाइएको पाइएको छ।

## इन्जिनियरिङ्ग अध्ययन संस्थानको व्यवस्थापन तथा विकास परिषद् बैठक सम्पन्न

त्रिभुवन विश्वविद्यालय इन्जिनियरिङ्ग अध्ययन संस्थानको व्यवस्थापन तथा विकास परिषदको १९औं बैठकले कार्यान्वयन समितिले आर्थिक बर्ष २०८१।०८२ र ०८२।०८३ सम्मका ८० बटा निर्णयहरुको अनुमोदन गरि सम्पन्न भएको छ।

बैठकको अध्यक्षता गर्नुहुँदै इन्जिनियरिङ्ग अध्ययन संसथानका डीन प्रा.डा. सुशील बहादुर बज्राचार्यले गुणस्तरीय इन्जिनियरिङ्ग शिक्षाको प्रत्याभूति गराउने गरी गुरुयोजना निर्माण गरी कार्यप्रारम्भ भएको, शैक्षिक क्यालेण्डर पूर्णतय कार्यान्वयन गरिएको,इन्जिनियरिङ्ग अध्ययन संस्थानका शैक्षिक तथा प्रशासनिक कार्यलाई विद्युतियकरण गरिएको, प्रवेशपरीक्षा एकीकृत छिटो र विश्वसनिय बनाइएको, सबैतहका पाठ्यक्रम परिमार्जन गर्न थालिएको, विद्यावारिधि उपाधि

सम्वन्धी निर्देशिका तयार गरिएको, अध्ययन संस्थानमा ३४ जना विद्यावारिधी शोधार्थी रहेको र गतवर्ष ६ जना सहित हालसम्म ५२ जनाले विद्यावारिधि उपाधि प्राप्त गरिसकेको, ३६ वटा विषयमा स्नातकोत्तर तह सञ्चालनमा रहेको साथै १२ वटा केन्द्रहरु क्रियाशिल रहेको बताउनुभएको थियो । उहाँले मानव संशाधनको विकासलाई प्राथमिकतामा राखि विश्वविद्यालय अनुदान आयोगको सहयोगमा १२० जना शिक्षकहरुलाई दक्षता अभिवृद्धी तालिम दिन लागिएको, ६९ उपप्राध्यापक, २५ सहप्राध्यापक र १२ जना प्राध्यापकको त्रि.वि. सेवा आयोगबाट विज्ञापनभई पदपूर्तिको अवस्थामा रहेको, भौतिक पूर्वाधारको विकास तथा प्रयोगशालाहरुको स्तरोन्नति गर्न लागिएको जानकारी गराउँनुभएको थियो । व्यवस्थापन तथा विकास परिषदको उक्त बैठकमा इन्जिनियरिङ्ग अध्ययन संस्थानका सहायक डीन डा. बाबुराम दवाडीले कार्यान्वय समितिको बैठक नं ३०७ देखि ३७१ सम्मका ८० बटा प्रस्तावहरु पेश गर्नुभएको थियो ।

बैठकमा नेपाल टेलिकलका प्रतिनिधि, नेपाल विद्युत प्राधिकरणका रोजगारदाता एवं सरोकारवाला निकायहरुका प्रतिनिधि, पुल्चोक क्याम्पस, थापाथली क्याम्पस, पूर्वाञ्चल इन्जिनियरिङ्ग क्याम्पस धरान र पश्चिमाञ्चल क्याम्पस पोखराका क्याम्पस प्रमुखहरु लगायत अन्य प्राध्यापक,विद्यार्थी प्रतिनिध र कर्मचारी प्रतिनिधिहरु समेतको सहभागिता रहेको थियो । बैठकको संचालन सहायक डीन प्रा.डा विनोद कुमार भट्टराईले गर्नुभएको थियो भने स्वागत मन्तवय सहायक डीन सहप्राध्यापक डा. सुरज लामिछानेले गर्नुभएको थयो ।





इन्जिनियरिङ्ग अध्ययन संस्थानको व्यवस्थापन तथा विकास परिषद बैठक

## BE/BArch प्रवेश परीक्षाको न्युनतम उत्तीर्णाङ्क (Cuttoff Rank) निर्धारण गर्न गठन समितिले इ.अ.सं. डीन समक्ष प्रतिवेदन सहित कार्यविधि पेश गरेकोछ

इन्जिनियरिङ्ग अध्ययन संस्थान ले स्नातक तहको BE/BArch प्रवेश परीक्षाको नतिजा प्रकाशनलाई थप पारदर्शी, वैज्ञानिक तथा वस्तुनिष्ठ बनाउन "न्यूनतम उत्तीर्णाङ्क (Cutoff Rank) निर्धारण कार्यविधि, २०८३" तयार गर्न डा.बाबुराम दवाडीको संयोजकत्वमा गठित समितिले प्रतिवेदन सहित कार्यविधि इ.अ.सं. का डीन समक्ष बुझाएको छ।

विश्वविद्यालय अनुदान आयोगको नीतिगत कागजात - "Guideline for Harmonizing B.E./B.Arch. Entrance Examination Across Universities in Nepal, २०७९" अध्ययन गर्दा उक्त निर्देशिकाको बुँदा ३.५.१ मा १००% Weightage मा प्रवेश परीक्षाको मेरिट लिस्ट तय गर्ने र बुँदा ३.५.२ मा न्यूनतम उत्तीर्णाङ्क (Threshold) ४०% तय गरेतापनि विश्वविद्यालयहरू स्वायत्त संस्था भएको हुनाले नीहित अधिकार प्रयोग गरी आफू अन्तर्गतका अधिकारप्राप्त निकाय/समितिले न्युनतम उत्तीर्णाङ्क तय गर्न सक्नेछ भनिएको हुँदा इ.अ.सं. बिद्या परिषद्ले अझ बैज्ञानिक तथा पारदर्शी तरिकाले न्युनतम उत्तीर्णाङ्क (Cutoff Rank) तोक्ने विधि निर्धारण गर्न सक्ने अवस्था देखिएकोले चिकित्सा शिक्षा आयोगले MBBS/MD भर्नाको लागि अपनाएको विधिका सम्बन्धमा समेत अध्ययन गरी सोही अनुसार मस्यौदा कार्यविधि तयार गरिएको समितिका संयोजक डा. बाबुराम दवाडीले बताउनु भयो। इ.अ.सं. ले समिति द्वारा प्रस्तावित कार्यविधि स्वीकृत गरेमा अब प्रवेश परीक्षाको नतिजा पूर्वनिर्धारित वैज्ञानिक सूत्रका आधारमा प्रकाशन गरिने भएको छ।



BE/BArch प्रवेश परीक्षाको न्युनतम उत्तीर्णाङ्क (Cuttoff Rank) निर्धारण समितिद्वारा प्रतिवेदन पेश

संस्थानले विगतका वर्षहरूमा आवेदन संख्या, परीक्षार्थीको उपस्थिति तथा उपलब्ध सिट सङ्ख्यामा हुने उतारचढावका कारण प्रत्येक वर्ष फरक-फरक Cutoff Rank निर्धारण हुँदै आएको उल्लेख गर्दै यसलाई व्यवस्थित बनाउन अध्ययन गरिएको जनाएको छ। कार्यविधिमा कुल परीक्षार्थी सङ्ख्या (A) र उपलब्ध सिट सङ्ख्या (S) लाई आधार मानी गणितीय Formula मार्फत Cutoff Rank निर्धारण गर्ने व्यवस्था गरिएको छ।

कार्यविधिमा प्रयोग गरिएको Formula कृत्रिम न्यूरल सञ्जाल (Artificial Neural Networks) मा प्रयोग हुने ReLU Function बाट प्रेरित रहेको उल्लेख गरिएको छ। यसले परीक्षामा सहभागी विद्यार्थी सङ्ख्या तथा उपलब्ध सिटको अनुपातका आधारमा स्वचालित रूपमा न्यूनतम र्‍याङ्क निर्धारण गर्नेछ।

संस्थानका अनुसार नयाँ व्यवस्था लागू भएपछि नतिजा प्रकाशनअघि नै Cutoff Rank सार्वजनिक गर्न सकिनेछ, जसले विद्यार्थी तथा अभिभावक माझ पारदर्शिता र विश्वास बढाउने अपेक्षा गरिएको छ। साथै, प्रत्येक वर्ष सिट संख्या वा परीक्षार्थी सङ्ख्यामा हुने परिवर्तनअनुसार Cutoff Rank पनि वैज्ञानिक ढंगले स्वतः समायोजन हुने जनाइएको छ।

## MoU signed between IOE and Habitat for Humanity Nepal Partner to Advance Green Construction and Research

The Institute of Engineering (IoE), Tribhuvan University, and Habitat for Humanity International, Nepal, have officially entered into a Memorandum of Understanding (MoU) to develop academic exchange and institutional cooperation in education, research, capacity building, and related areas. This collaborative initiative will be carried out through the Centre for Urban Planning Studies (CUPS) at IOE. The partnership focuses on green construction materials research and development, policy advocacy, and climate-adaptive, culturally appropriate solutions, with a particular focus on bamboo technologies and sustainable materials.




Glimpses of MoU Signing

### Key Areas of Cooperation

- Research & Development (R&D): The institutions will identify and implement mutually beneficial research projects focusing on bamboo treatment, bamboo-based construction

technologies, and the testing of treated bamboo components and other sustainable materials. They will also collaborate on joint research and proposal development for climate-adaptive solutions.

- Academic & Faculty Exchange: The partnership supports the exchange of students and faculty members, conducting lectures, academic visits, and seminars, alongside supporting participation in scientific activities to broaden international horizons.
- Dissemination & Capacity Building: Both parties will engage in joint publications, the sharing of scientific data and research results, and organizing joint symposia, conferences, and workshops to advocate for sustainable construction policies.

The agreement was signed by Prof. Dr. Sushil Bahadur Bajracharya (Dean, IoE, TU) and Eliza Sthapit (National Director, Habitat Nepal).

The dedicated contact persons designated to oversee and execute this partnership are:

- IoE, TU (CUPS) Focal Person: Prof. Dr. Sangeeta Singh, Director - CUPS.
- Habitat Nepal Focal Person: Bibek Shrestha, Project Manager.

## 18th IOE Graduate Conference held on 7-9th May, 2026

The 18th IOE Graduate Conference (IOE-GC) was successfully organized over three days with enthusiastic participation from researchers, faculty members, students, and professionals representing diverse disciplines of engineering and architecture. The conference featured 39 technical sessions along with two keynote presentations, providing an important platform for research dissemination, academic interaction, interdisciplinary exchange, and scholarly collaboration within the Institute of Engineering.

The conference was enriched by keynote addresses delivered by Prof. Dr. Ajay Shah of The Ohio State University and Hon. Prof. Dr. Sudan Jha, Member of the National Planning Commission. Their insightful presentations highlighted contemporary challenges and opportunities in research, innovation, policy formulation, academic development, and the growing role of engineering and technology in national progress.






Glimpses of 18th IOE Graduate Conference

The Working Committee of the 18th IOE Graduate Conference was convened by Prof. Dr. Sangeeta Singh. The committee members included Mr. Jayendra Raj Shrestha, Dr. Rojee Pradhanang, Dr. Sudip Bhattarai, and Dr. Aman Shakya, along with Ms. Roshani Thapa, Finance Chief, and Ms. Sushila Pradhan, Administration Chief as Member Secretary. The committee worked under the guidance of advisors Prof. Dr. Sanjay Uprety, Campus Chief; Prof. Dr. Binod Kumar Bhattarai, Assistant Dean; and Dr. Bhim Kumar Bhattarai, Director of CIMDU.

The inaugural and closing sessions of the conference were chaired by Prof. Dr. Sanjay Uprety. The chief guest of the inaugural session was Prof. Dr. Sushil B. Bajracharya, Dean of the Institute of Engineering, while the closing session was graced by Prof. Dr. Suraj Lamichhane, Assistant Dean of IOE, as the chief guest.

Beyond the successful presentation of research papers and technical discussions, the conference also served as an important opportunity to reflect on academic and organizational lessons for future editions. Discussions emphasized the need for stronger infrastructure and logistical preparedness, improved conference facilities, broader academic dialogue and networking, enhanced participation from external experts and institutions, stronger collaboration with industry and stakeholders, and greater focus on publication quality, research ethics, and academic integrity. Particular attention was given to the emerging impact of Artificial Intelligence in research, publication practices, and higher education, as well as the importance of developing a long-term roadmap for strengthening future editions of the IOE Graduate Conference.

The successful completion of the conference reflected the growing research culture and institutional commitment toward academic excellence, innovation, and scholarly collaboration within IOE. The conference concluded with a shared commitment to further strengthening future editions of IOE-GC as a nationally recognized platform for high-quality research dissemination,

academic engagement, and meaningful collaboration among researchers, institutions, industries, and policymakers.

## इ.अ.सं. परीक्षा नियन्त्रण महाशाखाद्वारा P-CERT कार्यदल गठन

त्रिभुवन विश्वविद्यालय, इन्जिनियरिङ्ग अध्ययन संस्थान (इ.अ.सं.) ले सूचना प्रविधि तथा साइबर सुरक्षालाई सुदृढ बनाउने उद्देश्यले पाङ्ग्रे कम्प्युटर आपतकालीन प्रतिकार्य कार्यदल (Pangre-Computer Emergency Response Team – P-CERT) गठन गरेको छ।

हाल त्रि.वि. तथा अन्तर्गतका निकायहरूमा सूचना प्रविधिमा आधारित प्रणालीहरूको प्रयोग तीव्र रूपमा बढ्दै गएको छ। यस परिवेशमा डिजिटल प्रणालीहरूको सुरक्षित, प्रभावकारी तथा दिगो सञ्चालन सुनिश्चित गर्न Computer Emergency Response Team (CERT) को आवश्यकता अत्यन्त महत्त्वपूर्ण बन्दै गएको छ।

ललितपुरको चाकुपाटमा अवस्थित "पाङ्ग्रे घर" का रूपमा परिचित इ.अ.सं. परीक्षा नियन्त्रण महाशाखाले परीक्षा सञ्चालनदेखि नतिजा प्रकाशनसम्मका अधिकांश कार्यहरू सफ्टवेयर प्रणालीमार्फत सञ्चालन गर्दै डिजिटल रूपान्तरणलाई तीव्रता दिइरहेको छ। स्नातक, स्नातकोत्तर तथा विद्यावारिधि तहका अनलाइन आवेदन प्रणाली, नतिजा प्रकाशन प्रणाली लगायतका संवेदनशील डिजिटल सेवाहरूको सुरक्षित सञ्चालन र भविष्यमा विकास हुने डिजिटल प्रणालीहरूको व्यवस्थापनलाई ध्यानमा राख्दै यस कार्यदल गठन गरिएको हो।

इ.अ.सं. डीन कार्यालयको निर्णय तथा त्रि.वि. रजिस्ट्रार कार्यालयको सहमतिमा, सहायक डीन तथा परीक्षा नियन्त्रण महाशाखा प्रमुख डा. बाबुराम दवाडीले उप—प्रमुखको संयोजकत्वमा सूचना प्रविधि तथा साइबर सुरक्षा क्षेत्रका विज्ञहरू सम्मिलित ५ सदस्यीय P-CERT कार्यदल (समिति) गठन गर्नुभएको हो।

यस कार्यदल गठनसँगै इ.अ.सं. परीक्षा नियन्त्रण महाशाखाले आफ्नो डिजिटल प्रणालीलाई अझ सुरक्षित, विश्वसनीय र प्रभावकारी बनाउने विश्वास लिएको छ।

**P-CERT कार्यदलले मुख्यतयाः निम्न कार्यहरू सम्पादन गर्नेछः**

१. सूचना सुरक्षा, साइबर सुरक्षा तथा कम्प्युटर आपतकालीन व्यवस्थापनसम्बन्धी प्रतिकार्य सञ्चालन गर्ने।

२. परीक्षा नियन्त्रण महाशाखामा सञ्चालनमा रहेका सफ्टवेयर प्रणाली, डिजिटल सुरक्षा प्रणाली तथा हार्डवेयर/नेटवर्किङ संरचनाको अध्ययन गरी सुधारका लागि सुझावसहित प्रतिवेदन तयार गर्ने।

३. डिजिटल प्रणालीहरूको बजार मूल्य निर्धारण गरी प्रणाली आपूर्तिकर्तासँग गरिने AMC सम्बन्धमा राय सुझाव प्रदान गर्ने।

४. विद्यमान प्रणालीहरूको सुधार तथा त्रि.वि. केन्द्र, परीक्षा नियन्त्रण कार्यालय बल्खु र विश्वविद्यालय अनुदान आयोगसँग सम्भावित एकीकरण (Integration) का विषयमा सुझाव दिने।

५. प्रविधिको परिवर्तनशील सन्दर्भमा सुरक्षित तथा आधुनिक प्रणालीतर्फ रूपान्तरणका लागि प्राविधिक मार्गदर्शन प्रदान गर्ने।

६. नतिजा प्रकाशन जस्ता संवेदनशील कार्यमा उत्पन्न हुने आपतकालीन डिजिटल समस्याहरूको समाधानका उपायहरू पहिचान तथा कार्यान्वयनमा सहयोग गर्ने।

७. परीक्षा नियन्त्रण महाशाखाको समग्र डिजिटल प्रणाली सुधार तथा व्यवस्थापनमा योगदान पुऱ्याउने।

८. कार्यदलद्वारा सम्पन्न कार्यहरूको वार्षिक प्रतिवेदन सम्बन्धित निकाय समक्ष पेस गर्ने।

## थापाथली क्याम्पसमा विभागीय अनुसन्धान समिति (DRC) गठनसँगै विद्यावारिधि (PhD) कार्यक्रम संचालन

त्रिभुवन विश्वविद्यालय, इन्जिनियरिङ्ग अध्ययन संस्थान (इ.अ.सं.) थापाथली क्याम्पसमा अटोमोबाइल तथा इण्डस्ट्रियल इन्जिनियरिङ्ग Departmental Research Committee (DRC) गठन गरिएको छ। त्रिभुवन विश्वविद्यालय, इन्जिनियरिङ्ग अध्ययन संस्थान (इ.अ.सं.) द्वारा Ph.D. Program २०२५ अन्तर्गतको नियमावली अनुसार गठन गरिएको उक्त समिति २०८२/०१/२३ देखि लागू हुने गरी दुई वर्षका लागि नियुक्त गरिएको हो। समितिमा प्रा. डा. सूर्य प्रसाद अधिकारी अध्यक्ष तथा उप-प्रा. डा. राज कुमार चौलागाईं, उप-प्रा. डा. नवीन कुमार झा, उप-प्रा. डा. दुर्गा बस्ताकोटी र उप-प्रा. डा. खेम ज्ञवाली सदस्यको रूपमा रहनुभएको छ।

यस DRC गठनसँगै अटोमोबाइल तथा इण्डस्ट्रियल इन्जिनियरिङ्ग Departmental Research Committee (DRC) मा विद्यावारिधि (PhD) भर्ना प्रक्रिया समेत सुरु भएको र प्रारम्भिक चरणमा १ जना विद्यावारिधि (PhD) विद्यार्थी भर्ना समेत लिइएको छ। यस प्रयासले विभागमा अनुसन्धान, नवप्रवर्तन तथा उच्च शिक्षाको वातावरणलाई थप सुदृढ बनाउने अपेक्षा गरिएको छ।

## सर्भे क्याम्प सञ्चालन नीति निर्माण समिति २०८२ द्वारा सुझाव पेश

स्नातक तहमा संचालित सिभिल इन्जिनियरिङ्ग दोस्रो वर्ष दोस्रो खण्डमा अध्यापन हुने १० दिनेसर्भे क्याम्पको प्रति दिन प्रति घण्टाको पाठ्यभार निर्माण तथा सञ्चालनार्थ इ.अ.सं. विद्यापरिषद् स्थायी समितिको मितिः२०८२-०७-२५ गते

बसेको ४२५ औं बैठकको निर्णय अनुसार डीनको कार्यालयको च.नं.८७९ मिति: २०८२-०८-१२ को पत्रानुसार सर्भे क्याम्प सञ्चालन नीति निर्माण सिमिति "२०८२" प्रा. देवीप्रसाद भट्टराईज्यूको संयोजकत्वमा गठित समितिले श्रीमान डीनज्यूबाट प्राप्त जिम्मेवारीलाई ग्रहण गर्दै उक्त विषयसँग सम्बन्धित पुरानो र नयाँ पाठ्यक्रमलाई अध्ययन गरियो । हाल नयाँ परिमार्जित पाठ्यक्रममा रहेको १० दिनको कार्यभारलाई के-कसरी संचालन गर्दा प्रभावकारी हुने विषयमा विभिन्न सरोकारवाला पक्षसँग पनि छलफल गरियो यसरी गरिएका छलफल र अन्तक्रियामा Survey Camp सँग सम्बन्धित तपसिल बमोजिमका बस्तुगत आधारहरु अपनाउने गरियो ।



सर्भे क्याम्प सञ्चालन नीति निर्माण समिति २०८२ द्वारा सुझाव पेश

नयाँ परिवर्तित पाठ्यक्रम अनुसार सिभिल इन्जिनियरिङ्ग दोस्रो वर्षको दोस्रो खण्डमा अध्यापन गराइने व्यवस्था गरिएको १० दिनसम्मको संचालन हुने उल्लेखभएको सर्भे क्याम्पलाई कार्यालय अवधिभित्र (हाल विहान ९:०० बजेदेखि ५:०० बजेसम्म ) फिल्डमा संचालन गराउदा उपयुक्त देखिने र विश्वविद्यालको कार्यालय अवधि परिवर्तन भएमा सोही परिवर्तित समयावधिभित्र उक्त सर्भे क्याम्प सम्पन्न गर्नुका साथै आवश्यक परेमा हालको सिलेवसमा रहेका Topics/Content हरु नछुट्ने गरी Survey Camp को Volume of Works लाई Micro-syllabus वा Working syllabus तयार गर्न सिभिल इन्जिनियरिङ्ग विषय समितिलाई अनुरोध गर्ने र सो परिमार्जन गरिएको Micro-syllabus मार्फत सर्भे क्याम्पका कार्य सम्पन्न गर्दा उपयुक्त हुने राय समितिले पेस गर्यो । साथै समितिका सदस्यहरु तथा सरोकारवालाहरुसँग र इ.अ.सं. अन्तर्गतका सबै आंगिक क्याम्पसका क्याम्पस प्रमुखहरुसँग समेत राय सल्लाह छलफलका क्रममा सर्भेको कार्यक्षेत्रको छनौट भरसक क्यम्पस हाताभित्र नजिकको उपयुक्त स्थानमा स्वयम् क्याम्पस र विषय शिक्षकहरुले तय गर्ने हुदा आवश्यकता परे क्याम्पसदेखि फिल्डसम्म र फिल्डदेखि क्याम्पससम्म विद्यार्थीहरुलाई लैजाने तथा ल्याउने कार्य सम्बन्धित क्याम्पसले नै व्यवस्थापन गरी यातायातको व्यवस्था गर्नु उपयुक्त हुने कुराको राय समितिले प्रदान गरेको देखिन्छ ।

# नियुक्ति/सरुवा/बढुवा/राजिनामा/अवकाश

त्रि.वि. इ.अ.सं. अन्तर्गतका विभिन्न निकायहरूमा त्रिवि. तथा इ.अ.सं. को निर्णय बमोजिम २०८२-८३ चैत्र-बैशाख महिनामा नियुक्ति/सरुवा/वढुवा/अवकाश/राजिनामा हुनु भएका शिक्षक/कर्मचारीहरुको विवरणः

| सि.न. | विवरण | | पत्रको मिति | कैफियत |
|---|---|---|---|---|
| १ | M.Sc Co-Ordinator पदमा नियुक्त | Master in Power System Engineering कार्यक्रमको Co-Ordinator पदमा अखिलेश्वर मिश्रलाई नियुक्त गरिएको । | २०८२।११।२९ | इ.अ.सं.पुल्चोक क्याम्पसको च.नं.१८५१।२०८२।२०८३ को पत्रानुसार। ईलेक्ट्रिकल इन्जिनियरङ्ग विभागमा संचालित Master in Power System Engineering कार्यक्रमको Co-Ordinator पदमा मिति २०८२।१२।०१ देखि लागु हुने गरि २ बर्ष सम्मको लागि नियुक्त गरिएको । |
| २ | M.Sc Co-Ordinator पदमा नियुक्त | MSc in Infromation and Communication Engineering प्रोग्राम को-अर्डिनेटर पदमा उप-प्राध्यापक निश्चल आचार्य | २०८२।१२।१६ | इ.अ.सं.पुल्चोक क्याम्पसको च.नं.२००८।२०८२।२०८३ को पत्रानुसार। इलेक्ट्रोनिक्स तथा कम्प्युटर इन्जिनियरिङ्ग विभागमा सञ्चालित एम.एस सी. प्रोग्राम को-अर्डिनेटर पदमा मिति २०८२।१२।१० देखि लागू हुने गरी अर्को व्यवस्था नभएसम्मको लागि नियुक्त गरिएको । |
| ३ | बिहानी सत्रको Co-Ordinator पदमा नियुक्त | (BE) बिहानी सत्रको Co-Ordinator पदमा उप-प्राध्यापक प्रविण संग्रौला | २०८२।१२।११ | इ.अ.सं.पुल्चोक क्याम्पसको च.नं.१९६०।२०८२।२०८३ को पत्रानुसार। इलेक्ट्रोनिक्स तथा कम्प्युटर इन्जिनियरिङ्ग विभागमा सञ्चालित स्नातक तह (BE) बिहानी सत्रको Co-Ordinator पदमा मिति |

| | | | | |
|---|---|---|---|---|
| | | | | २०८२।१२।१२ देखि लागु हुने गरि २ बर्ष सम्मको लागि नियुक्त गरिएको । |
| ४ | प्राध्यापक पदमा नियुक्ति | सह-प्राध्यापक डा. अरुण कुमार तिमल्सिना, पुल्चोक क्याम्पस, कम्प्युटर इन्जिनियरिङ्ग | २०८२।१२।१५ | त्रि.वि.क.प्र.महाशाखाको च.नं.२१८१।२०८२।२०८३को पत्रानुसार।<br>त्रि.वि.इ.अ.सं. पुल्चोक क्याम्पस, पुल्चोकको मिति २०८२।११।०४ गते देखि लागु हुने गरि इ.अ.सं. पुल्चोक क्याम्पस, पुल्चोकको कम्प्युटर इन्जिनियरिङ्ग विषयको प्राध्यापक नियुक्त गरिएको। |
| ५ | प्राध्यापक पदमा नियुक्ति | सह-प्राध्यापक डा. सुर्य प्रसाद अधिकारी, मेकानिकल इन्जिनियरिङ्ग | २०८२।१२।१५ | त्रि.वि.क.प्र.महाशाखाको च.नं.२१७९।२०८२।२०८३को पत्रानुसार।<br>त्रि.वि.इ.अ.सं. पुल्चोक क्याम्पस, पुल्चोकको मिति २०८२।१०।२० गते देखि लागु हुने गरि इ.अ.सं. पुल्चोक क्याम्पस, पुल्चोकको मेकानिकल इन्जिनियरिङ्ग विषयको प्राध्यापक नियुक्त गरिएको। |
| ६ | प्राध्यापक पदमा नियुक्ति | सह-प्राध्यापक डा. सञ्जय उप्रेती, आर्किटेक्चर इन्जिनियरिङ्ग | २०८२।१२।२० | त्रि.वि.क.प्र.महाशाखाको च.नं.२२११।२०८२।२०८३को पत्रानुसार।<br>त्रि.वि.इ.अ.सं. पुल्चोक क्याम्पस, पुल्चोकको मिति २०८२।१२।०१ गते देखि लागु हुने गरि इ.अ.सं. पुल्चोक क्याम्पस, पुल्चोकको आर्किटेक्चर इन्जिनियरिङ्ग विषयको प्राध्यापक नियुक्त गरिएको। |
| ७ | शिक्षण समितको अध्यक्ष पदमा नियुक्त | Environment Engineering विषय, सह- | २०८२।१२।२६ | इ.अ.सं.पुल्चोक क्याम्पसको च.नं.२१३४।२०८२।२०८३ को पत्रानुसार। |

| | | | | |
|---|---|---|---|---|
| | | प्राध्यापक शुक्रराज पौडैल | | सिभिल इन्न्जिनियरङ्ग विभाग अन्तरगत संचालित Environment Engineering विषयको शिक्षण समितको अध्यक्ष पदमा मिति २०८२।१०।०२ देखि लागु हुने गरि २ बर्ष सम्मको लागि नियुक्त गरिएको । |
| ८ | सहायक क्याम्पस प्रमुख पदमा नियुक्ति | उप-प्रध्यापक हरि के.सी. | २०८३।०१।०७ | इ.अ.सं.डी.का.च.नं.१८९।२०८२।२०८३ को पत्रानुसार।<br>त्रि.वि.इ.अ.सं. पश्चिमाञ्चल क्याम्पस लामाचौर,पोखराको सहायक क्याम्पस प्रमुख पदमा मिति २०८३।०१।०८ गते देखि लागु हुने गरि २ बर्षको लागि नियुक्त गरिएको। |
| ९ | सहायक क्याम्पस प्रमुख पदमा नियुक्ति | उप-प्रा. शचीन्द्र किशोर लाभ | २०८३।०१।०७ | इ.अ.सं.डी.का.च.नं.१८८।२०८२।२०८३ को पत्रानुसार।<br>त्रि.वि.इ.अ.सं. पश्चिमाञ्चल क्याम्पस लामाचौर,पोखराको सहायक क्याम्पस प्रमुख पदमा मिति २०८३।०१।०८ गते देखि लागु हुने गरि २ बर्षको लागि नियुक्त गरिएको। |
| १० | सहायक क्याम्पस प्रमुख पदमा नियुक्ति | उप-प्रा. राजेश भट्टराई | २०८३।०१।०७ | इ.अ.सं.डी.का.च.नं.१९०।२०८२।२०८३ को पत्रानुसार।<br>त्रि.वि.इ.अ.सं. पश्चिमाञ्चल क्याम्पस लामाचौर,पोखराको सहायक क्याम्पस प्रमुख पदमा मिति २०८३।०१।०८ गते देखि लागु हुने गरि २ बर्षको लागि नियुक्त गरिएको। |
| ११ | शिक्षण समितिको अध्यक्ष पदमा नियुक्त | सह-प्राध्यापक डा. क्षितिज चरण श्रेष्ठलाई | २०८३।०१।१० | इ.अ.सं.पुल्चोक क्याम्पसको च.नं. २२३३।२०८२।२०८३ को पत्रानुसार। |

| | | | | |
|---|---|---|---|---|
| | | | | त्रि.वि.इ.अ.सं.अन्तर्गत सिभिल इन्जिनियरिङ्ग विभागको Structure Engineering विषयको शिक्षण समितिको अध्यक्ष पदमा मिति २०८३।०१।१० देखि लागू हुने गरि २ बर्ष सम्मको लागि नियुक्त गरिएको । |
| १२ | शिक्षण समितिको अध्यक्ष पदमा नियुक्त | उप-प्रा. अनिल मर्सानी | २०८३।०१।१० | इ.अ.सं.पुल्चोक क्याम्पसको च.नं.२२२३।२०८२।२०८३ को पत्रानुसार।<br>त्रि.वि.इ.अ.सं.अन्तर्गत सिभिल इन्जिनियरिङ्ग विभागको Geotechnical and Transporatation Engineering विषयको शिक्षण समितिको अध्यक्ष पदमा मिति २०८३।०१।१० देखि लागू हुने गरि २ बर्ष सम्मको लागि नियुक्त गरिएको । |
| १३ | एम.एस सी. प्रोग्राम को-अर्डिनेटर पदमा नियुक्त | उप-प्रा. भरत बहादुर ढकाल | २०८३।०१।१० | इ.अ.सं.पुल्चोक क्याम्पसको च.नं.२२२०।२०८२।२०८३ को पत्रानुसार।<br>M.Sc. In Envionment Engineering कार्यक्रमको प्रोग्राम को-अर्डिनेटर पदमा मिति २०८३।०१।१० देखि लागू हुने गरी अर्को व्यवस्था नभएसम्मको लागि थप जिम्मेवारी दिएको । |
| १४ | प्राध्यापक पदमा नियुक्ति | सह-प्राध्यापक डा. जगत कुमार श्रेष्ठ | २०८३।०१।०९ | त्रि.वि.क.प्र.महाशाखाको च.नं.२४०८।२०८२।२०८३ को पत्रानुसार।<br>२०८२।१०।२८ गते देखि लागु हुने गरि इ.अ.सं. पुल्चोक क्याम्पस, पुल्चोकको सिभिल इन्जिनियरिङ्ग विषयको प्राध्यापक पदमा नियुक्त गरिएको। |

| | | | | |
|---|---|---|---|---|
| १५ | प्राध्यापक पदमा नियुक्ति | सह-प्राध्यापक डा. सुरज लामिछानेल | २०८३।०१।०९ | त्रि.वि.क.प्र.महाशाखाको च.नं.२४०९।२०८२।२०८३ को पत्रानुसार।<br>मिति २०८२।१०।२८ गते देखि लागु हुने गरि इ.अ.सं. पुल्चोक क्याम्पस, पुल्चोकको सिभिल इन्जिनियरिङ्ग विषयको प्राध्यापक पदमा नियुक्त गरिएको। |
| १६ | प्राध्यापक पदमा नियुक्ति | सह-प्राध्यापक डा. ईन्द्र प्रसाद आचार्य | २०८३।०१।०९ | त्रि.वि.क.प्र.महाशाखाको च.नं.२४१०।२०८२।२०८३ को पत्रानुसार।<br>मिति २०८२।१०।२८ गते देखि लागु हुने गरि इ.अ.सं. पुल्चोक क्याम्पस, पुल्चोकको सिभिल इन्जिनियरिङ्ग विषयको प्राध्यापक पदमा नियुक्त गरिएको। |
| १७ | सहायक क्याम्पस प्रमुख पदमा नियुक्त | सह-प्रध्यापक डा. अजय कुमार झा | २०८३।०१।२२ | इ.अ.सं.डी.का.च.नं.१८७५।२०८२।२०८३ को पत्रानुसार।<br>त्रि.वि.इ.अ.सं. पुल्चोक क्याम्पस, पुल्चोकको सहायक क्याम्पस प्रमुख पदमा मिति २०८३।०१।२५ गते देखि लागु हुने गरि २ बर्षको लागि नियुक्त गरिएको। |
| १८ | एम.एस.सी. प्रोग्राम को-अर्डिनेटर पदमा नियुक्त | उप-प्रा.डा. अमन शाक्य | २०८३।०१।२४ | इ.अ.सं.पुल्चोक क्याम्पसको च.नं.२३१२।२०८२।२०८३ को पत्रानुसार।<br>M.Sc. In Computer Engineering Specialization in Data Science and Analytics (MSDSA) विषयको प्रोग्राम को-अर्डिनेटर पदमा मिति २०८३।०१।१३ देखि लागू हुने गरी अर्को व्यवस्था नभएसम्मको लागि नियुक्त गरिएको । |

| | | | | |
|---|---|---|---|---|
| १९ | निर्देशक पदमा नियुक्त | प्रा.डा. जगत कुमार श्रेष्ठ | २०८३।०१।३० | इ.अ.सं.डी.का.च.नं.१९२५।२०८२।२०८३ को पत्रानुसार।<br>त्रि.वि.इ.अ.सं. पूर्वाधार विकास अध्ययन केन्द्र (CIDS) को निर्देशक पदमा मिति २०८३।०२।०१ देखि लागू हुने गरी २ बर्ष सम्मको लागि नियुक्त गरिएको । |
| २० | उपकुलपति पदमा नियुक्त | त्रि.वि.इ.अ.सं.का डीन प्रा. डा. सुशील बहादुर बज्राचार्य | २०८३।०१।३१ | शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयको च.नं.५२६।०८२।०८३ मिति २०८३।०१।३१को पत्रानुसार ।<br>दैनिक कार्य सञ्चालन गर्न उपकुलपतिको नियुक्ति नभएसम्मको लागि शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयको च.नं.५२६।०८२।०८३ मिति २०८३।०१।३१को पत्रानुसार मिति २०८३।०१।३१ देखि लागु हुने गरी नियुक्त गरिएको। |
| २१ | सहायक क्याम्पस प्रमुख पदमा नियुक्ति | उप-प्रध्यापक जयन्द्रराज श्रेष्ठ | २०८२।११।२९ | इ.अ.सं.डी.का.च.नं.१५५६।२०८२।२०८३ को पत्रानुसार।<br>त्रि.बि.इ.अ.सं. पूल्चोक क्याम्पस, पूल्चोकको सहायक क्याम्पस प्रमुख पदमा मिति २०८२।१२।०१ गते देखि लागु हुने गरि २ बर्षको लागि नियुक्त गरिएको। |
| २२ | सहायक क्याम्पस प्रमुख पदमा नियुक्ति | उप-प्रध्यापक डा. छविलाल ज्ञवाली | २०८२।११।२९ | इ.अ.सं.डी.का.च.नं.१५५६।२०८२।२०८३ को पत्रानुसार।<br>त्रि.बि.इ.अ.सं. पूल्चोक क्याम्पस, पूल्चोकको सहायक क्याम्पस प्रमुख पदमा मिति २०८२।१२।०१ गते देखि लागु हुने गरि २ बर्षको लागि नियुक्त गरिएको। |

| List of Scientific Contributions by IOE Faculties | | | |
|---|---|---|---|
| SN | Faculty Name | Campus/Office | Publication |
| 1. | **Babu R. Dawadi** | IOE Pulchowk Campus | **Enhancing Underwater Object Detection through CNN-based Image Enhancement and Classification**", International Journal of Engineering and Manufacturing (IJEM), Vol.16, No.2, pp.91-110, 2026. DOI: https://doi.org/10.5815/ijem.2026.02.06. |
| 2 | **Babu R. Dawadi** | IOE Pulchowk Campus | **Towards Robust Digital Infrastructure for Sustainable Digital Economy Development of Nepal**. Digital Economy and Sustainable Development, Springer Nature, 2026. DOI: *https://doi.org/10.1007/s44265-026-00077-w*. |


## *बुलेटिन प्रकाशन परिवार*

| | | | |
|---|---|---|---|
| प्रा. डा. सुशील बहादुर बज्राचार्य | — संरक्षक | उप-प्रा. डा. बाबुराम दवाडी | — संयोजक |
| प्रा. डा. बिनोद कुमार भट्टराई | — सल्लाहकार | प्रशासक प्रमुख योगेन्द्र प्रसाद दाहाल. | — सदस्य |
| सह-प्रा. डा. सुरज लामिछाने | — सल्लाहकार | आर्थिक प्रमुख दिनेशमान जोशी. | — सदस्य |
| | | उप-प्रा. प्रबिण ढकाल | — सदस्य (सम्पादक) |
| | | रिली प्रधान | — सदस्य (सचिव) |


**इ. अ. सं. का सवै क्याम्पस, सम्वन्धन प्राप्त कलेज, अनुशन्धान/परामर्श केन्द्र, शाखा/महाशाखाहरूलाई अनुरोध!**

इ. अ. सं. का सवै क्याम्पस, सम्वन्धनप्राप्त कलेजहरू, सम्वन्धित विभागहरू, अनुसन्धान/परामर्शसेवा केन्द्रहरू, शाखा/महाशाखाहरू आदिले संस्था र सार्वजनिक सरोकारसँग सम्वन्धित गतिविधिहरू प्रत्येक महिनाको २६ गते भित्र इ. अ. सं. बुलेटिन प्रकाशन समितिको इ-मेल bulletin@ioe.edu.np मा पठाई सहयोग गर्नुहुन बुलेटिन प्रकाशन समिति हार्दिक अनुरोध गर्दछ। साथै बुलेटिन प्रकाशन सम्वन्धमा कुनै Feedback/Comments र सुझावहरू भएमा सो समेत पठाउन अनुरोध गरिन्छ।

**इ. अ. सं. बुलेटिन प्रकाशन समिति**